# बलेफी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ५ मितिः २०८१/०७/१३

## भाग - २

## बलेफी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (१०२) ले दिएको अधिकार प्रयोग गरी बलेफी गाउँपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

# सामुदायिक विघालय दिवा खाजा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१

# सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१

**प्रस्तावनाः**

बलेफी गाउँ कार्यपालिकाको मिति २०७९/११/२५ को बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित **खण्ड ६ संख्या ३ "सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९"** लाई तत्काल समसामायिक संशोधन गर्ने वाञ्छनीय भएकोले,

बलेफी गाउँ कार्यपालिकाको मिति २०८१/०७/१३ को बैठकको निर्णय नं. ७ बमोजिम यो कार्यविधि संशोधन गरि जारि गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **"सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१"** रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि बलेफी गाउँपालिका दिवा खाजा कार्यक्रम लागु भएका सामुदायिक विद्यालयहरुको हकमा मात्र लागू हुनेछ ।

**२. सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९ को दफा २१ मा संशोधनः**

सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९ को दफा २१ मा खण्ड (ग) थप गरि उक्त खण्ड (ग) मा " **बलेफी गाउँपालिकाले सामुदायिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयमा उपस्थित भई हाजिर भएको दिनको प्रति हाजिरी रु. २० (वीस) मात्र का दरले विद्यालयलाई उपलब्ध गराउने र नपुग भएको खण्डमा गाउँपालिकाले अन्य संघसंस्थाहरुसँग समन्वय गरी स्रोतको खोजी गर्नेछ** " भनि थप गरिएको छ ।

**आज्ञाले**

**सुर्य बहादुर तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण : २०८१/०७/१३ गते**